फेएट काउन्टी सार्वजनिक विद्यालयहरू

# परिवारहरूका लागि सिक्ने सुझाव

घरमा बच्चाहरूले के थाहा पाउनु पर्दछ र के गर्न सक्षम हुनुपर्छ र परिवारहरूले कसरी शिक्षामा वृद्धि गर्न सक्छन् भन्ने सारांश र तरिका।



*"हामी विश्वास गर्छौं कि परिवारहरू हाम्रा साझेदार हुन्। तिनीहरू बच्चाहरूका पहिलो र शक्तिशाली शिक्षकहरू हुन्। हामीहरू सबै एकसाथ मिलेर विद्यार्थीहरूको सफलताको सुनिश्चित गर्नेछौं।"*

- शुपरइन्टेनडेन्ट (अधीक्षक) ईम्यानुएल कक्, फेयेट काउन्टी सार्वजनिक विद्यालयहरू

## हाम्रो सिक्ने सुझाव बारे:

यो सुझावमा तपाईंको बच्चाले अंग्रेजी भाषा कला (ELA) र गणितमा विद्यालय वर्षको अन्त सम्ममा गर्न सक्ने र थाहा पाउन सक्ने केहि अत्यावश्यक कुराहरू गर्न सक्षम हुनुपर्छ। सिक्ने लक्ष्यहरूले शिक्षकहरू र परिवारहरूलाई कहिले विद्यार्थीहरूलाई अतिरिक्त समर्थन र कहिले उनीहरूलाई थप चुनौती दिनुपर्दछ।

## परिवारहरूले के गर्न सक्छन्?

तपाईंले आफ्नो बच्चाको सिक्ने कुरामा धेरै समर्थन गर्न सक्नुहुन्छ र उनीहरुको भविष्यको तयार गर्न मदत गर्न सक्नुहुन्छ। यहाँ विद्यार्थीहरूलाई सफल हुन मद्दत गर्ने केहि कुराहरूछन्:

१. आफ्नो बच्चासंग शिक्षा तपाईंको निम्ति कत्ति महत्त्वपूर्ण छ भन्ने कुराको सहभागी बनाउनुहोस्। तिनीहरूलाई भन्नुहोस् कि शिक्षा महत्वपूर्ण छ र यो सफलताको जग हो।
२. विद्यालयलाई प्राथमिकता दिएर हरेक दिन समयमा आफ्नो बच्चालाई बिद्यालयमा पुर्याउनुहोस्।
३. संभव भएसम्म अभिभावक-शिक्षक सम्मेलनहरूमा र विद्यालयका अन्य कार्यक्रमहरूमा उपस्थित हुनुहोस्।
४. बिद्यालयसंग पारस्परिकरूपले कार्य गरेर आपसी सम्मानको निर्माण गर्नुहोस् ।
५. स्वतन्त्रतालाई प्रोत्साहन दिनुहोस्; आफ्ना छोराछोरीलाई गल्ती गर्न अनुमति दिनुहोस् र आफ्नो विकल्पहरूको लागि जिम्मेवारी स्वीकार गर्न दिनुहोस्।
६. आफ्नो बच्चासंग बिद्यालयमा के भईरहेको छ भनेर छलफल गर्नुहोस्।
७. आफ्नो बच्चाले वर्षैभरि प्रगति गरि राखेको छ भनेर सुनिश्चित गर्न शिक्षकसंग लगातार सञ्चार गरिराख्नुहोस्।
८. तपाईंलाई आफ्नो बच्चाले के गरिरहेको छ भनेर थाहा पाउने अधिकार छ; तपाईंको यदि केहि प्रश्न छ भने उसको/उनको शिक्षक सम्पर्क गर्न नहिचकिचाउनुहोस्।

## तपाईंको बच्चाको शिक्षकसंग कुराकानी

तपाईंको बच्चाको शिक्षक र विद्यालयसंग उसको सिक्ने लक्ष्यको प्रगति बारे नियमित रूपले कुराकानी गर्न महत्त्वपूर्ण छ। यहाँ सोध्ने केही नमूना प्रश्नहरू:

- मेरो बच्चा कहाँ समर्थ छ र कहाँ उसलाई सुधार गर्न आवश्यकछ?
- मेरो बच्चाको प्रगति वर्षैभरि कसरी मापन भइरहेकोछ?
- के मेरो बच्चाको कक्षाको कार्यको उदाहरणहरू हेर्नसक्छु? के ती उदाहरणहरूले सिक्ने लक्ष्यहरू पूरा गरेका छन् कि छैनन्?
- के मेरो बच्चा क्रम स्तर (ग्रेड-स्तर) सिक्ने लक्ष्यहरू पूरा गर्ने पथमाछ? यदि छैन भने, विद्यालयले के समर्थनको प्रस्ताब राख्छ? मैले घरमा के गर्नसक्छु?
- के मेरो बच्चा सिक्ने अपेक्षा तिर वा माथि छ? यदि छ भने, बिद्यालयले अरु के प्रस्ताव दिन्छ? मैले घरमा के गर्नसक्छु?
- तपाईंले मेरो बच्चाको आइ ई पी (IEP) पढ्नुभयो? मेरो बच्चाको लागि के सुबिधाहरू तयार पारिएकोछ?
- मेरो बच्चा अंग्रेजी भाषाको शिक्षार्थी हो। मेरो बच्चाको भाषाको विकासको लागि बिद्यालयमा कसरी समर्थन गरिएकोछ?

## तपाईंको बच्चासंग कुरा

के यो परिचित आवाज जस्तो लाग्छ?
"आज बिद्यालय कस्तो थियो?"
"राम्रो"
"तिमीले के गर्यौ?"
"केहि पनि होइन"

त्यो ठीक छ, सोधिरहनुस्!

जुन विद्यार्थीहरूका आमाबाबुहरूले तिनीहरूसंग विद्यालयको बारेमा कुरा गर्छन् तिनीहरूले बिद्यालयमा शैक्षिकरूपले राम्रो गर्छन्। यहाँ आफ्नो बच्चासंग संलग्न भएर उसको सफलताको समर्थन गर्ने केही तरिका हो:

- बिद्यालयको बारेमा आफ्नो बच्चासंग कुरा गर्न हरेक दिन एक निर्दिष्ट समयको चयनगर्नुहोस्।
- आफ्नो बच्चालाई उनीहरुले आज सिकेको एउटा कुरा तपाईंलाई भन्न लगाउनुस। आफ्नो बच्चालाई सबै भन्दा रोचक के लाग्यो? के गाह्रोलाग्यो?
- आफ्नो बच्चाले बिद्यालयबाट घर ल्याउने कागजात र परियोजनाहरूको समीक्षा गर्नुहोस्। आफ्नो बच्चासंग सोध्नुहोस्: तिमीले कसरी थाहापायौ? तिम्रो के बिचारछ? तिमीले के देख्यौ? तिमीले किन यो तरिकाले गर्यौ? के यसको जवाफ पाउने अर्को तरीकाछ?
- आफ्नो बच्चाको मेहनत र प्रयासकोपनि प्रशंसा गर्नुहोस् केवल "सही जवाफको" लागि मात्र होइन।
- आफ्नो बच्चाले के सोचि रहेकोछ भन्ने बारे प्रश्नहरू सोध्नुहोस्:तिमीले कसरी थाहा पायौ? तिम्रो के बिचार छ? तिमीले के देख्यौ? तिमीले किन यो तरिकाले गर्यौ? के यसको जवाफ पाउने अर्को तरीकाछ?

## बिद्यालयबाट टाढा रहेर गरेको शिक्षा हाशिललाई समर्थन

विद्यार्थीहरूले विद्यालय छोडे पछि पनि शिक्षा हाशिल गर्ने कार्य रोकिंदैन। यहाँ तपाईंले कक्षा बाहिर रहेर शिक्षा हाशिल गर्नको निम्ति समर्थन गर्न सक्ने केही तरिकाहो:

- आफ्नो बच्चाको लागी पढ्नुहोस्, आफ्नो बच्चासंग पढ्नुहोस्, र परिवारले आफूलाई सजिलो लाग्ने भाषामा पढ्ने समयलाई प्रोत्साहन गर्नुहोस्।
- नियमित रूपले गृहकार्य वा अन्य सिक्ने गतिविधिहरु गर्न आफ्नो बिद्यार्थीकोनिम्ति एक शान्त र आरामदायी ठाउँको व्यवस्था गर्नुहोस्।
- निश्चित गर्नुहोस् कि तपाईं र तपाईंको बच्चाकोनिम्ति एक पुस्तकालय कार्ड छ र सारा परिवारले पढ्ने गतिविधिमा भाग लिन सकोस्।
- गृहकार्य वा अन्य सिक्ने गतिविधिहरु गर्नको लागि नियमित कार्यक्रमको स्थापना गर्ने प्रयास गर्नुहोस्।
- यो पुस्तिकालाई केहि सिक्ने लक्ष्य राखेर ध्यान केन्द्रित गर्न प्रयोग गर्नुहोस्, र केही सुझावहरू घरमा सिक्नको लागि प्रयास गर्नुहोस्।



# तपाईंको विद्यार्थीले अंग्रेजी भाषा कलामा (ELA) के थाहा के पाउनु पर्छ र गर्न सक्षम हुनु पर्छ

## भाषा

- ☐ प्रमुख जानकारी वा विचारहरूलाई ठूलो स्वरले पढेको कथाहरू वा छलफलहरूद्वारा पुन: भन्नु।
- ☐ सन्दर्भमा प्रयोग गरिएको आधारमा धेरै अर्थ भएको एक शब्दको सहि पहिचान गर्नु। उदाहरणका लागि: बाँकि बाक्य वा अनुच्छेदलाई प्रयोग गरेर "देख्यो" शब्दको अर्थ एक उपकरण हो वा देख्नुको भूत कालहो।
- ☐ ज्ञात शब्दमा एक साधारण उपसर्ग थपिए पछि बन्ने एक नयाँ शब्दको अर्थ अन्दाज लगाउनु। उदाहरणको लागि: खुसी/दु:खी, बताउन/पुन: बताउनु।

## पढाइ र साहित्य

- ☐ पूर्व ज्ञान र पुस्तक तत्वहरू जस्तै बिषयसूची, सामग्रीहरू, शीर्षकहरू, अनुशीर्षकहरू र प्रमुख शब्दहरूको प्रयोग गरेर गैर काल्पनिक पुस्तकको सामग्री बारे भविष्यवाणी गर्नुहोस्।
- ☐ उ/उनले पढेको कथालाई पुन: को, के, कहाँ, कहिले, किन र कसरी प्रश्नहरूको प्रयोग गरेरभन्नु।
- ☐ एउटै कथालाई विभिन्न संस्करणमा तुलना र भिन्नता देखाउनुहोस्।
- ☐ कथाहरू,दन्त्य कथाहरू र लोक कथाहरूको पाठ वा नैतिक शिक्षाको निर्धारण गर्नुहोस्।

## लेखाई

- ☐ पुस्तकबाट महत्त्वपूर्ण विवरणहरू प्रयोग गरेर उ/उनले पढेको कथाको बारेमा एक राय लेख्नुहोस् जसले उक्त रायको समर्थनगर्दछ।
- ☐ कसरी खानाको लागि टेबुल सजाउने वा मनपर्ने कार्ड खेल कसरी खेल्ने भनेर स्पष्ट निर्देशन दिने प्रक्रिया वा कार्यविधिको वर्णन लेख्नुहोस्।
- ☐ स्पष्ट शुरुवात, मध्य, र अन्त भएको सही वाक्य संरचना, ठूलो अक्षरहरू, रिक्त स्थान, र विराम प्रयोग गरेर कथाहरू लेख्नुस्।



## घरमा ईएलए (ELA) प्रशिक्षण लिन प्रोत्साहन दिने तरिकाहरू

- पुस्तकहरू बारे कुरा गरेर संगै पढ्नुस्।एक गैर-काल्पनिक मूलपाठ पढेपछि आफ्नो बच्चाले सिकेका छ त्यसको बारे कुरा गर्नुस् र आफूले सिकेका कुराको पनि एकआपसमा साझेदारी गर्नुहोस्। एक काल्पनिक मूलपाठ पढेपछि शुरुवात, मध्य, र कथाको अन्तमा के भयो भन्ने कुरा गर्न आफ्नो बच्चालाई प्रोत्साहन दिनुहोस्।
- दुई वा बढी अर्थ भएको शब्दहरूको भिन्न उदाहरणहरू खोज्नुहोस् (जस्तै दगुर्नु, देखेको थियो, र नीलो)। कसरी प्रसंगले हामीलाई कुन शब्दको के अर्थ लाग्छ भन्ने बुझ्न मदत गर्दछ भन्नेबारे कुरा गर्नुहोस्। त्यो / पढ्दा उ/उनले धेरै अर्थ लाग्ने शब्दहरूको उदाहरणहरू खोज्न प्रोत्साहन दिनुहोस्।
- आफ्नो बच्चालाई एक मनपर्ने खाना बनाउन चाहिने सामाग्री र चरणबद्ध निर्देशनहरू समावेश गरेर एक पाकबिधि लेख्न मद्दत गर्नुहोस्। उदाहरणको लागि: एक बदामको मक्खन र जेली सैंडविच वा फलफूलको सलाद कसरी बनाउने।
- आफ्नो स्थानीय लाइब्रेरियनसंग (पुस्तकालय कर्मचारीसंग) विविधता भएको मनपर्ने कथाहरू वा दन्त्यकथाहरू भएको किताबहरूबारे सुझाव लिनुहोस्।आफ्नो बच्चासंग ठूलो आवाज निकालेर कथाहरू पढ्नुस् र तिनिहरु कसरी समानछन् र कसरी फरकछन् छलफल गर्नुहोस्।
- आफ्नो बच्चालाई परिवारका सदस्यहरू वा मित्रहरुलाई धन्यवाद भनेको टिप्पणी वा चिठी लेख्न लगाऊनुस्।

*कृपया तपाईंको बच्चाको शिक्षकसंग सम्पर्क (सम्बन्ध) राखेर विशिष्ट गणित कार्यक्रमसंग सम्बन्धित घरमा सिक्ने स्रोतहरूको बारेमा सोध्नुहोस्।*

## तपाईंको विद्यार्थीले गणितमा के थाहा पाउनु पर्छ र गर्न सक्षम हुनुपर्छ:

- कुशल रणनीति (कार्यनीति) र साधनहरू प्रयोग गरेर जोड र घटाउको अर्थ लाग्ने गरी समस्याहरूको समाधान गर्नु।
- जोड र घटाउ बीचको सम्बन्ध बुझ्ने र प्रयोग गर्नु। उदाहरणकोलागि: त्यहाँ ३०वटा स्याउहरूछन्। सोह्रवटा स्याउहरू टेबलमा छन्, र बाँकी झोलामा छन्। कतिवटा स्याउहरू झोलामा छन्? मैले जोड गरेर समाधान गर्न सक्छु: १६ +? = ३०। त्यहाँ झोलामा १४वटा स्याउहरू छन्!
- सम्बद्ध जोड र घटाउ तथ्य प्रयोग गरेर समस्या समाधान गर्न मद्दत गर। उदाहरणकोलागि: यदि ८ + ६ =१४ हो भने ८० + ६०=१४०।
- मनमनै २०को योगफललाई छिटो र कुशलतापूर्वक जोड र घटाउ।
- इकाइहरूको लम्बाईहरूलाई नाप र अनुमान गर (इन्च, फीट, कागज क्लिपहरू)।
- गणितका साधनहरू र वास्तविक जीवनका वस्तुहरु प्रयोग गरेर साधारण अंशहरूलाई ठम्याउ (पहिचान गर) (1/२, 1/३, र १/४)।
- मनमनै दिइएको नम्बर १००-९००मा १० वा १००मा जोड र घटाउ।
- तथ्यांकको (डाटाको) प्रतिनिधित्व गर र अर्थ लगाऊ। उदाहरणको लागि: एक तस्वीर, मानचित्र वा लेखाचित्र बनाएर विद्यार्थीहरूले आज कतिवटा खल्तिहरू लगाएको देखाउँछ?
- समय र पैसासंग कार्यगर। उदाहरणकोलागि, "अहिले ७:३० बज्यो। तिम्रो सुत्ने समय ३० मिनेटमा छ। तिम्रो सुत्ने समय कति बजे हो?" "मसंग $१६.०० छ। म तिमीलाई पुस्तकको मेलामा पुस्तक किन्न $४.०० दिंदैछु। मसंग कति पैसा बाँकी छ?"



## घरमा गणित प्रशिक्षण गर्न (सिक्न) प्रोत्साहन दिने तरीकाहरू

- समूहमा आउने कुराहरू जस्तै एक व्यक्तिको दुईवटा खुट्टाहरू वा एक गाडीको चारवटा पाङ्ग्राहरूलाई हेर।आफ्नो बच्चालाई आठजना मान्छेहरूका कतिवटा खुट्टाहरू हुन्छन् वा पाँचवटा गाडीहरूका कतिवटा पाङ्ग्राहरू हुन्छन् भनेर ठम्याउन (पत्ता) लगाऊन दिनुस्।
- दैनिक अवस्थालाई प्रयोग गरी सम्पूर्ण वस्तुको 1/२, 1/३ र 1/४का साधारणतत्त्वहरू फेला पार्नुहोस्। उदाहरणको लागि: एक सैंडविचलाई आधा पारेर काट्नु होस् वा अखबारलाइ एक चौथाईमा दोब्र्याउनुहोस्।
- पसलमा चीजहरू किन्न छोराछोरीलाई पैसा गन्न र बचत गर्न लगाऊनुस्।
- आफ्नो बच्चालाई बस्तुहरूको आधा भाग ठम्याउन (पत्ता) लगाऊन दिनुस्। उदाहरणको लागि: यदि तपाईंको बच्चासंग २४ वटा बेसबल कार्डहरू छन् र उसको साथीसंग बराबर गरेर बाँडेर लिन सक्छ भने प्रत्येकले कतिवटा प्राप्त गर्छन्?
- आफ्नो बच्चासंग,zक रुलर (नाप्ने) वा अन्य नाप्ने उपकरण प्रयोग गरेर आफ्नो घरका विभिन्न वस्तुहरुको लम्बाइ फेला पार्नुहोस्। आफ्नो बच्चालाई यी वस्तुहरुको लम्बाइको तुलना गराउनुस्।

*कृपया तपाईंको बच्चाको शिक्षकसंग सम्पर्क राखेर विशिष्ट गणित कार्यक्रमसंग सम्बन्धित घरमा सिक्ने स्रोतहरूको बारेमा सोध्नुहोस्।*

फेएट काउन्टी सार्वजनिक विद्यालयहरू
११२६ रसेल केभ रोड
लेक्जिङटन, के वाई ४०५०५

८५९.३८१.४१००
http://www.fcps.net

*यो पुस्तिका फेएट काउन्टी सार्वजनिक विद्यालयहरूद्वारा प्रकाशित भएको थियो।*

*बनाइएको (सिर्जना गरिएको) शिशिर (पतझड) २०१६*